# विश्व युवा सम्मेलन सम्बन्धी राष्ट्रिय युवा परिषद र गैरआवासीय नेपाली संघद्वारा आयोजित संयुक्त *पत्रकार सम्मेलन*

# *(Press conference)*

**१. पृष्ठभूमिः (Background)**

***"युवाहरुमा सामाजिक उद्दमशिलताको विकाश, सामाजिक उद्दमशिलता नै देश निर्माणको आधार"*** भन्ने नाराका साथ आगामी २०७३ असोज १५ - १८ २०७३ (सन् २०१६, अक्टोवर १-४) मा विश्व युवा सम्मेलनको आयोजना गरिने व्यहोरा संपूर्ण सरोकारवाला महानुभावहरुमा सहर्ष जानकारी गराउन चाहन्छौं ।

राष्ट्रिय युवा परिषद र NRNA को संयुक्त आयोजनामा हुन लागेको प्रथम विश्व युवा सम्मेलन मार्फत युवाहरूको क्षमता अभिवृदि गर्दै उनीहरुलाई उद्दमशील बनाउने उद्देश्यका साथ देश भित्र र बाहिरका युवाहरूलाई एकै स्थानमा भेला गराई सम्मेलनका माध्यमबाट युवा विकासका लागि तत्कालिन र दीर्घकालीन रणनीतिक कार्यदिशा तर्जुमा गर्ने उद्देश्य रहेको छ ।

देश विदेशमा भएका युवाहरुका साझा मुद्दाहरु, उनीहरुमा भएका वहुआयामिक प्रतिभा पहिचान, नेपालको अवसर, संभावना र चुनौतीहरुको यथार्थपरक विश्लेषण गर्दै नेपालको साझा समस्याका रुपमा रहेको वेरोजगारीको अन्त, बौद्धिक पलायन (Brain drain) को दिशालाई अव Brain gain तर्फ मोड्दै नयां नेपाल निर्माणको महान् अभियानमा संपूर्ण युवा शक्तिलाई परिचालन गर्ने वातावरण निर्माण गर्ने उद्देश्यले विश्व युवा सम्मेलन आयोजना गर्न लागिएको हो ।

**२. विश्व युवा सम्मलेनका उद्देश्यहरु (Objectives of Global Youth Conference)**

यस सम्मेलनका उद्देश्यहरु यसप्रकार छन् :

क. देश विदेशका युवा विज्ञ, वैज्ञानिक र विषय विशेषज्ञहरुको अनुभवहरु आदानप्रदान गर्ने ।

ख. नेपाली युवाहरुका मुख्य समस्या, चुनौती, संभावना र अवसरहरुको खोजी गर्ने ।

ग. राष्ट्रिय युवा विकास रणनीति तयार गर्नका लागि आवश्यक पृष्ठपोषण तथा मार्गनिर्देश गर्ने ।

घ. युवा लक्षीत विभिन्न कार्यक्रम कार्यान्वयन गर्नका लागि प्राविधिक र आर्थिक सहयोग प्राप्त गर्ने वातावरण तयार गर्ने ।

च. बिदेशमा आर्जन गरेको ज्ञान, सीप र पूंजी पहिचान, प्रर्बद्धन र प्रयोग गर्न ठोस तथा परिणाममुखी कार्यक्रमहरूको तर्जुमा गर्ने ।

छ .भूकम्पबाट थला परेको देशको अर्थतन्त्रको उत्थान र मौलाउदै गएको बेरोजगारीलाई न्युनीकरण गर्दै युवाहरूमा सामाजिक उद्यमशिलताको बिकास गर्ने र देशको पुर्ननिर्माणमा युवाहरूको स-शक्त परिचालन गर्ने ।

**३. सहभागिता (Participation)**

यस प्रथम विश्व युवा सम्मेलनमा नेपाल र विश्वका विभिन्न क्षेत्रबाट युवाहरुको व्यापक सहभागिता हुने अपेक्षा गरिएको छ । उक्त सम्मेलनमा देहायका व्यक्तिहरु रहने अपेक्षा गरिएको छ ।

क. गैर आवासीय नेपाली संघका प्रतिनिधिहरु

ख. युवा/विद्यार्थी संगठनहरुका प्रतिनिधिहरु

ग. विभिन्न क्षेत्रका युवा उद्दमीहरु

घ. विषय विज्ञ Expert हरु/लब्ध प्रतिष्ठित व्यक्तित्वहरु

ङ. युवा सम्बद्ध सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिहरु

च. विभिन्न मित्रराष्ट्रहरुबाट आमन्त्रित युवा प्रतिनिधिहरु ।

**४. सम्मेलनको ढांचा ( Modality of the conference)**

विश्व युवा सम्मेलन/महोत्सव देहायको मोडेलमा सञ्चालन हुनेछ ।

***प्रथम चरण:***

क. शुरुमा सम्मेलन सार्वजनिक रुपमा नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री ज्युबाट समुद्घाटन हुनेछ ।

ख. समुद्घाटन सम्पन्न भैसकेपछि सम्मेलनका प्रतिनिधिहरू (Deligates) बन्दसत्रमा प्रवेश गरी विज्ञहरुबाट अलग अलग विषयमा कार्यपत्र वा अवधारणा पत्र (Concept paper) प्रस्तुत हुनेछ । यस अवधारणा पत्रमा उक्त विषयका वारेमा गहन अध्ययन, विश्लेषण, अवसर, संभावना, चुनौतीहरु, संभावित विकल्पहरु र सोको कार्यान्वयन गर्ने विस्तृत कार्ययोजना (Action plan) समेत उल्लेख भएको हुनेछ ।

ग. उक्त कार्यपत्र माथि छलफलका लागि विषयगत समूह (Thematic Group) बनाएर Panel Discussion गराइनेछ । यसमा विशेषतः युवा विकास, उद्दमशीलता, विशेषज्ञता, यसका बहुआयामिक क्षेत्र र संभावनाका वारेमा सहभागीहरु बीच व्यापक छलफल हुनेछ ।

Panel discussion को क्रममा Thematic group निर्माण र छलफलका विषयवस्तुहरु युथ भिजन २०२५ मा उल्लेखित युवा विकासका लागि उल्लेखित दश वर्षे रणनीतिक योजना र कार्यक्रमहरु/स्तभहरु (Five Pillars of Youth development) लाई आधार बनाई समूह विभाजन गरिनेछ।

घ. सम्मेलनको अन्तमा सबै युवाहरुका लागि साझा अवधारणा, रणनीति र प्रतिवद्धता सहितको काठमाण्डौ घोषणा-पत्र ( Kathmandu Declaration) जारी गरिनेछ। यो घोषणापत्र हामी सबैका लागि मार्गदर्शक दस्तावेजका रुपमा रहनेछ।

***दोश्रो चरणः***

क. नेपालका विभिन्न युवा उद्दमीहरुबाट उत्पादित वा आविष्कार भएका यन्त्र उपकरण तथा सामग्रीहरु रहेको स्टलहरु राखिनेछ।

ख. प्रत्येक स्टलमा सम्बन्धित उत्पादक/उद्दमी/प्रोपाइटरले उक्त वस्तुका वारेमा व्रिफिङ् गर्ने, युवाहरुलाई आकर्षण/उत्प्रेरित गर्ने र सोको लागि अपनाइने प्रक्रियाका वारेमा आवश्यक सुझाव सल्लाह प्रदान गर्नेछन्।

ग. प्रदर्शनी कक्षमा प्रवेश निःशुल्क र सहज बनाइनेछ। यसका लागि व्यापक प्रचार प्रसार गरिनेछ। महोत्सव स्थल युवामैत्री, उत्पादनमैत्री र सिर्जना मैत्री हुनेछ ।

घ. स्टलमा विशेषतः विद्यालय र कलेज स्तरका युवा विद्यार्थीहरुका सृजनाहरु, कृषि उद्दम प्रवर्द्धन सम्बन्धी उत्पादनहरु, सूचना प्रविधिहरुमा भएका नयाँ नयाँ आविष्कारहरु, विभिन्न स्थानमा भए गरेका असल एवं अनुकरणीय अभ्यासहरुलाई प्राथमिकता दिइनेछ।

ङ. प्रत्येक स्टल तथा मूल गेट र मुख्य मुख्य स्थानमा राष्ट्रिय युवा परिषदको लोगो र गैर आवासीय नेपाली संघ तथा अन्य सहयोगी संस्थाहरुको नाम अंकीत लोगो समेत राखिनेछ।

## ५. सम्मेलनका अपेक्षित उपलब्धिहरु (Expected outcomes of the Global Youth Conference)

क. युवाहरु बीचमा पर्याप्त मात्रामा अनुभवको आदानप्रदान हुनेछ।

ख. नेपाली युवाहरुको विकास र अवसरका लागि विभिन्न विकल्पहरु पहिचान हुनेछन्।

ग. बिभिन्न मुलुकमा रहेका युवाहरुद्वारा नेपाली युवाहरुलाई प्राविधिक र आर्थिक सहयोग गर्ने वातावरण तयार हुनेछ।

घ. युवाहरुको क्षमता/सीप विकास, उद्दमशीलता, रोजगारीमा अभिवृद्धि हुनुका साथै यसले नेपालको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुऱ्याउनेछ।

ङ. भुकम्प पछि सिथिल भएको राष्ट्रिय अर्थतन्त्रलाई पुनःरुत्थान गर्न युवाहरुको सशक्त परिचालनका लागि ठोश रणनीतिक कार्ययोजना निर्माण गर्न अनुकूल वातावरणको सिर्जना हुनेछ।

अन्तमा, यस प्रकारको सम्मेलन राष्ट्रिय युवा परिषद तथा गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा हुन लागिरहेको प्रथम सम्मेलन भएको र यसबाट धेरै युवा लक्षीत कार्यक्रमहरु सञ्चालन गरी देशको कायापलट गर्ने लक्ष्य राखिएकोले यस प्रकारको कार्यक्रम युवा विकासका लागि अत्यन्त महत्वपूर्ण छ। यसले तय गर्ने रणनीति र आगामी कार्यदिशा हाम्रा लागि दुरगामी महत्व राख्ने र मार्गदर्शक समेत बन्न सक्नेछ। अतः यस विश्व सम्मेलनको आवश्यकता, सान्दर्भिकता, औचित्य र महत्वका वारेमा व्यापक प्रचार प्रसारका साथ यस कार्यक्रममा संपूर्ण क्षेत्रका युवाहरुको सहभागिताका लागि संपूर्ण सरोकारवाला महानुभावहरुलाई आकर्षणका साथै कार्यक्रम प्रति अपनत्व अभिवृद्धिका लागि हामी संपूर्ण सञ्चारकर्मी मित्रहरुलाई हार्दिक अनुरोध गर्दछौं।

सहयोगका लागि धन्यवाद।

लोकराज शर्मा
DYC and Chair – SEDSC
गैरआवासीय नेपाली संघ।

माधवप्रसाद ढुङ्गेल
कार्यकारी उपाध्यक्ष
राष्ट्रिय युवा परिषद, नेपाल

२०७३ जेष्ठ २८/2016 June 10